फोन नं.९८५८७४५५८१

# दोगडाकेदार गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## देउलेक, बैतडी

रुपमा दाखिला गरेको हनुपर्ने छ र बांकी रकम सम्फौता गरेको मितिले तिन महिनामा एकमुष्ठ अग्रिम रुपमा बुझाउनु पर्ने छ। ठेकेदारले सम्झौता गर्दा को समयमा सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा औचित्य हेरी वढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ।

१२. गा.पा. ले ठेकेदारलाई कर उठाउन तोकेको क्षेत्रबाट ठेकेदारलाई सम्झौतामा उल्लेख गरिए बमोजिमको कर तिरी कर तिरेको रसीद लिएर मात्र निकासी गर्न पाउने छ।

१३.सम्मानित अदालत, नेपाल सरकार गा. पा. को नीति निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्न ठेकेदारको कर्तव्य एवं दायित्व हुने एवं नीति निर्देशन वा आदेशको पालनाको कारणबाट कुनै हानी नोक्सानी हुन गएमा क्षतीपूर्तिको दाबी ठेकेदारले गा. पा. संग गर्न पाउने छैन।

१४.सम्झौता बमोजिमको कर उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ। ठेकेदारको कमजोरीको कारणबाट कर उठाउन नसकेमा कार्यालयमा मिनाहा, क्षतिपूर्ति अथवा कुनै किसिमको दावी गर्न पाईने छैन।

१५.IEE प्रतिवेदनमा औल्याईएका प्रावधानहरुको पालना गरेर मात्र ठेकेदारले ठेक्का संचालन गर्नुपर्नेछ।

१६. ठेकेदारले सम्बन्धित आय संकलन गर्ने क्षेत्रको राम्रोसंग हेरी बुझी मात्रै बोलपत्र दाखिला र सम्झौता गर्नुपर्नेछ, राम्रोसंग नबुझि सम्झौता गरी सकेपछि सम्झौता अनुसारको रकम कार्यालयलाई बुझाउने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ यसमा कुनै प्रकारको तर्क र आनाकानी स्वीकार्य हुनेछैन।

१७. स्थानीय स्तरमा उठने विवादहरुको समाधान गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित ठेकेदारको हुनेछ।

१८. सम्बन्धित घाट, बगर तथा खानी क्षेत्रबाट ढुंगा गिट्टी बालुवा लगायतका पदार्थहरु उत्खनन गर्दा स्काईभटर, डोजर लगायतका भारी उपकरण प्रयोग नगरि मान्छेद्वारा उत्खनन गर्नु पर्नेछ।

१९.कबोल अंकको १३ प्रतिशत भ्याट रकम सम्बन्धित ठेकेदारले सम्झौता गर्दा नै बुझाउनु पर्नेछ।

२०.यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

२१. करका दरहरु यस कार्यालयबाट दरभाउपत्रसाथ प्राप्त हुनेछ।

२२. बोल पत्र स्विकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहने छ। अन्य जानकारीको लागी कार्यालय समय भित्र कार्यालय बाट जानकारी लिन सकिने छ।

तपसील

| ठेक्का नं. | ठेक्काको किसिम | ठेक्का उठाउन पाउने क्षेत्र | न्युनतम अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| ०१/२०७६/७७ | ढुंगा, गिट्टी बालुवा निकासी | चमेलिया नदीको पन्ज्यूनंया, र जमाडी गाढको पन्ज्यूनंया बगर क्षेत्र | ३५०००।० |
| ०२/२०७६/७७ | ढुंगा, गिट्टी बालुवा निकासी | चमेलिया नदीको चमलडी र धनथला बगर क्षेत्र | ३५०००।० |
| ०३/२०७६/७७ | व्यवसाईक कर (निकासी) | सिल्लेगडा पोष्ट | १२५००।० |
| ०४/२०७६/७७ | ढुंगा, गिट्टी बालुवा निकासी | छिक्कगाढ नदि बगर क्षेत्र | १००००।० |

नि. प्रमुख प्रशासकिय अधिकृत

फोन नं.९८५८७४५५८१

# दोगडाकेदार गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## देउलेक, बैतडी

आन्तरिक आय संकलनका लागि सिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना ।
(प्रथम पटक प्रकाशित मिति : २०७६/०४/०३)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ र ६४ बमोजिम दोगडाकेदार गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहायका आन्तरिक श्रोतहरु तर्फको आय, कर र दस्तुर गाउँ सभावबाट स्वीकृत दररेटमा उठाउने गरी आ.ब.२०७६/०७७ को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले तपसील बमोजिमका शर्तहरु भित्र रही रीतपूर्वक सिलबन्दी बोलपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र खरिदको लागि रु. १०००।- (अक्षरेपी रु.एकहजार मात्र) पछि फिर्ता नहुने गरि यस कार्यालयको राजश्व शाखामा नगद बुझाई सो को रसिद पेश गरि यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन भित्र दोगडाकेदार गाउँपालिकाको कार्यालय देउलेक, बैतडीबाट कार्यालय समयभित्र खरिद गर्नु पर्नेछ र टेण्डर फाराम खरिद गर्दा नागरिकताको फोटोकपी अनिवार्य रुपमा संलग्न पेश गर्नु पर्नेछ ।
२. बोलपत्र फाराम साथ धरौटी बापतको रकम नेपाली नागरिक भए कबोल अंकको कम्तिमा २.५ प्रतिशत र गैर नेपाली नागरिक भए कबोल अंकको ५ प्रतिशत यस कार्यालयको ग्लोबल बैंक दोगडाकेदार शाखा स्थित F१०४०१००००००४ धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा ने.रा.बैंकबाट मान्यता प्राप्त बैंकले कम्तिमा ९० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको बिडवण्डको सक्कलै प्रति संलग्न गर्नु पर्नेछ ।
३. खरिद गरिएका बोलपत्रहरु प्रष्टसंग भरि ठेकेदारले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर व्यक्ति, फर्म, कम्पनीको नाम, ठेगाना, कामको नाम प्रष्ट लेखी यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२ : ०० बजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ ।
४. बोलपत्र खरीद गर्ने, दाखिला गर्ने र खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरीद गर्ने, दाखिला गर्ने र खोलिनेछ ।
५. प्रत्येक कामको लागि छुट्टा छुट्टै बोलपत्र खरीद तथा दाखिला गर्नुपर्नेछ ।
६. बोलपत्र सोही दिनको २:०० बजे ठेकेदारका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ, ठेकेदारका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।
७. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
८. बोलपत्र शर्त रहित, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको, बोलपत्रमा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुन हुनुपर्नेछ । समय भित्र पेश नभएको, रीत नपुगेको, सूचनाका शर्त विपरित भएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।
९. कबोल अंक अक्षर र अंकमा प्रष्टसंग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
१०. गत बिगत वर्षमा ठेक्का लिई ठेक्का बापत रकम नबुझाएका ठेकेदारको ठेक्का स्वीकृत गरिने छैन ।
११. ठेक्का स्विकृत भएपछी स्विकृत हुने ठेकेदार को धरौटी रकम सम्झौताको सम्पुर्ण कार्य अवधी समाप्त भई कार्य सम्पन्न भए पछी मात्र फिर्ता गरिने छ । स्विकृत रकम ३ किस्तामा बिभाजन गरिने छ । हिलो किस्ता ५० प्रतिसत, दास्रो किस्ता २५ प्रतिसत र तेस्रो किस्ता २५ प्रतिसत हुने छ । पहिलो किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम

नि. प्रमुख प्रशाशकिय अधिकृत